नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौं ।
(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्याः-२०८१/८२
च.नं. ९५००

मिति २०८२/०३/१७

बिषयः परिपत्र सम्बन्धमा ।

श्री संघीय मन्त्रालय सबै,
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सबै
श्री राष्ट्रिय किताबखाना, ललितपुर
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, ललितपुर
श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, ललितपुर
श्री निजामती कर्मचारी अस्पताल, काठमाडौं
श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै
श्री स्थानीय तह सबै ।

प्रस्तुत बिषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंङ्गाल काठमाडौंको पत्र संख्याः६/२०८१-८२(सम्पति विवरण), चलानी नं. ६२४५६ मिति २०८२/०३/१० गतेको निर्णय कार्यान्वयन सम्बन्धी पत्र यसै पत्रसाथ संलग्न छ । सो सम्बन्धमा आयोगवाट भएका निर्णय कार्यान्वयन गर्नु/गराउनुहुन अनुरोध छ ।

२०८२।३।१६

(भुवनेश्वर लामिछाने)
उपसचिव

बोधार्थः-
श्री सूचना तथा प्रविधि शाखा : वेवसाइटमा अपलोड गर्नहुन ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सुशासन प्रबर्द्धन शाखा

सिंहदरबार, काठमाडौं

प.सं.: २०८१/८२

चलानी नं.: ३२८

मितिः- २०८२ असार १५ गते

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री आन्तरिक व्यवस्थापन शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. ६ को प.सं. ६/२०८१-८२ (सम्पत्ति विवरण) मिति २०८२।३।१० च.नं. ६२४५६ को निर्णय कार्यान्वयन सम्बन्धी पत्र तहाँ शाखासँग सम्बन्धित देखिएकोले आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

शेखर निधि पौड्याल
शाखा अधिकृत

बोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. ६, टङ्गाल, काठमाडौं ।

फोन नं. : (+९७७)-(१)-४२००३०६
इमेलः goodgov.section@mofaga.gov.np, बेवसाईटः www.mofaga.gov.np
"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं
(महाशाखा नं. ६)

अत्यन्त जरुरी/गोप्य

पत्र सङ्ख्या :६/२०८१-८२(सम्पत्ति विवरण)
चलानी नं. :६२४५६

मितिः २०८२/०३/१०
ने.सं.:११४५, तछलागा चतुर्दशी

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०८०/८१ को सम्पत्ति विवरण फाराम भरी तोकिएको समय भित्र पेश नगर्ने सार्वजनिक पद धारण गरेका पदाधिकारी/कर्मचारीहरूको विवरण समावेश भएको "सम्पत्ति विवरण अनुगमन प्रतिवेदन (आर्थिक वर्ष २०८०/८१)" राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त भई आयोगको बैठकमा पेश हुँदा सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न देहाय अनुसार नीतिगत व्यवस्था गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने भनी आयोगबाट मिति २०८२/०३/०४ मा निर्णय भएकाले उक्त निर्णय कार्यान्वयनका लागि अनुरोध छ।

<u>देहाय</u>

क. संघ, प्रदेश र स्थानीय तहले सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्वका सम्बन्धमा पर्याप्त जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

ख. शुरु नियुक्ति हुने राष्ट्रसेवकलाई सम्पत्ति विवरण फाराम भरे पश्चात मात्र नियुक्ति पत्र दिने व्यवस्था गर्ने,

ग. राष्ट्रिय किताबखाना (निजामती, शिक्षक र प्रहरी), प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहले सम्पत्ति विवरणका बन्दी खामहरूको उचित व्यवस्थापन र संरक्षण गर्ने,

घ. राष्ट्रिय किताबखाना (निजामती, शिक्षक र प्रहरी) ले सम्पत्ति विवरण फारामलाई अनलाईन प्रविधि मार्फत् प्राप्त गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गर्ने,

ङ. अनलाईन सफ्टवेयरमा सम्पत्ति विवरण सम्बन्धी तथ्याङ्क प्रविष्टि गर्ने कार्यलाई स्थानीय तहहरुले प्राथमिकता दिने,

२०८२/०३/१०

(विष्णुराज बेल्बासे)
उपसचिव

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: ३०१५
मितिः ३/१५

सुशासन प्रवर्द्धन शाखा
दर्ता नं.: २८६
दर्ता मितिः ३/१६

पत्राचार गर्दा आयोगको महाशाखा, पत्र संख्या, च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गर्नुहुन।

फोन नं.: ०१-५२६२-१८०/१५१/०८८, टोल फ्रि नं.: १६६०-०१-२२२३३, हटलाइन नं.: १०७, पो. बक्स नं.: ९९९६
Web: www.ciaa.gov.np, E-mail: info@ciaa.gov.np